# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मितिः २०७७/०६/०६
बैठक संख्याः १०२
समयः बिहान ११:०० बजे

अर्थ समितिको आज मिति २०७७ असोज ६ गते बसेको वैठकमा कार्य प्रारम्भ भएको मितिले चार महिना भित्र सम्बन्धित विषयक्षेत्रमा अध्ययन गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्न देहाय बमोजिमका उपसमिति गठन गर्ने निर्णय भयो।

## १. राजस्व चुहावट, राजस्व बक्यौता र राजस्व प्रशासन अध्ययन उपसमिति

**उपसमितिको गठनः**

१. मा. पदम गिरी -संयोजक
२. मा. गोकर्ण राज विष्ट -सदस्य
३. मा. जय कुमार राई -सदस्य
४. मा. रामकुमारी झाक्री -सदस्य
५. मा. रामवावु कुमार यादव -सदस्य
६. मा. शशांक कोइराला -सदस्य

**उपसमितिको कार्यक्षेत्रः**

- नेपालको वर्तमान राजस्व (कर र गैर कर) नीतिको अध्ययन गरी आवश्यक नीतिगत सुधारको सुझाव प्रस्तुत गर्ने,
- कर कानूनका छिद्र (loopholes) प्रयोग गरी tax evasion गर्ने क्षेत्रहरूलाई नियन्त्रण गर्न आवश्यक सुझाव सिफारिस गर्ने,
- आर्थिक क्रियाकलापमा भएको परिवर्तन संगै नयाँ कराधारको क्षेत्र अध्ययन गरी सोही अनुरुप आवश्यक सुधारको सुझाव सिफारिस गर्ने,
- राजस्व चुहावटका क्षेत्रहरु पहिचान गरी चुहावट नियन्त्रण गर्न गर्नु पर्ने कदमका सुझाव सिफारिस गर्ने,
- अन्तर्राष्ट्रिय सन्दर्भ सहित राजस्वका दरहरूको अध्ययन गरी नेपालमा लागू गर्नुपर्ने दर र दायरा विस्तार गर्न लागू गर्नुपर्ने नीतिहरु सिफारिस गर्ने,

- तीन तहका सरकारका राजस्व अधिकार , व्यवस्थापन र समस्याको पहिचान गरी व्यवस्थित गर्न अवलम्बन गर्नुपर्ने सुझाव सिफारिस गर्ने,
- राजस्व प्रशासन प्रति राजस्व दाताहरूको बुझाई र धारणा अध्ययन गरी सकारात्मक सोचको विकास गर्न गर्नुपर्ने सुधारका उपाय सिफारिश गर्ने,
- कर परिपालना, राजस्व बक्यौता, मुद्दामामिला र फैसला लगायतका विषय अध्ययन गरी सुधारको लागि सुझाव सिफारिस गर्ने,
- राजस्व प्रशासन, कर अधिकृत, लेखापरीक्षक र व्यवसायीहरूको स्वच्छता, पारदर्शीता र जवाफदेहिता प्रवर्द्धन गर्न अवलम्बन गर्नुपर्ने उपायहरु सिफारिस गर्ने,
- Covid 19 पछिको अवस्थामा राजस्व संरचना र व्यवस्थापनमा आउनसक्ने परिवर्तन र चुनौती सम्बोधन गर्न अन्तर्राष्ट्रिय अभ्यासको समेत समीक्षा गरी नेपालको राजस्व क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायहरु सिफारिस गर्ने,
- अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।

## २. सार्वजनिक खर्च, खरिद, लगानी र राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमिति

**उपसमितिको गठनः**

१. मा. सत्य पहाडी -संयोजक
२. मा. चुडामणी खड्का -सदस्य
३. मा. निरा देवि जैरु -सदस्य
४. मा. डा.बाबुराम भट्टराई -सदस्य
५. मा. विष्णु प्रसाद पौडेल -सदस्य
६. मा. सरवत आरा खानम हलवाइनी -सदस्य

**उपसमितिको कार्यक्षेत्रः**

- नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या पहि चान गरी आवश्यक नीतिगत, कानूनी , संरचनात्मक , कार्यविधिगत , व्यवस्थापकीय , कार्यशैलीगत र अन्य आवश्यक सुधारको लागि सुझावहरू सिफारिस गर्ने,
- सार्वजनिक खर्चको प्राथमिकीकरण लगायत खर्च व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी पुँजीगत खर्च समयबद्ध रुपमा लक्ष्यअनुरुप गर्न र चालु खर्च न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने सुझाव सिफारिस गर्ने,
- नेपालमा आन्तरिक र बाह्य लगानी भित्राउन हालसम्म भएका प्रयासहरूको विश्लेषण का आधारमा लगानीका समस्याहरुको पहिचान गरी लगानी प्रवर्द्धन गर्न सुधार गर्नुपर्ने नीतिगत, कानूनी , संरचनागत , व्यवस्थापकीय , कार्यशैलीगत र प्रक्रियागत पक्षहरुका सुझाव सिफारिस गर्ने,
- विश्वव्यापी रुपमा लगानीका क्षेत्र र भूगोल परिवर्तन भएको सन्दर्भमा नेपालमा post covid अवस्थामा लगानीका नयाँ क्षेत्रहरुको पहिचान गरी नयाँ सन्दर्भमा लगानीका क्षेत्रहरुको सिफारिस गर्ने,

- राष्ट्रिय गौरव र ठूला प्रतिनिधिमूलक आयोजना (कम्तिमा ५) छनौट गरी ती आयोजना छनौटको मापदण्ड, लगानी वा स्रोतको सुनिश्चितता, व्यवस्थापन, पर्यावरणमा पार्ने प्रभाव, आयोजनाको तयारी, ठेक्का प्रक्रिया, लागत अनुमान, सम्झौतित रकम र सम्पन्न हुनुपर्ने समय, थप समय र लागत, विभिन्न कालखण्डका जिम्मेवार पक्षहरु, समयमा सम्पन्न हुन नसक्नुका कारण र जिम्मेवारी बमोजिम कार्य सम्पन्न नगर्ने पक्षलाई गरिएका कारबाही लगायतका विभिन्न पक्षहरूको अध्ययन गरी आयोजना व्यवस्थापनमा गर्नुपर्ने सुधारका लागि सुझाव प्रस्तुत गर्ने,
- ति आयोजनाहरुलाई Case Study को रुपमा अध्ययन गरी प्राप्त निश्कर्षको आधारमा समग्र आयोजना व्यवस्थापनमा गर्नुपर्ने सुधारका सुझाव प्रस्तुत गर्ने,
- अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।

## ३. बैंक तथा वित्तीय संस्था (वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त) अध्ययन उपसमिति

**उपसमितिको गठनः**

१. मा. जुलिकुमारी महतो -संयोजक
२. मा. कु. तुल्सि थापा -सदस्य
३. मा. प्रमिला राई -सदस्य
४. मा. महन्थ ठाकुर -सदस्य
५. मा. श्याम कुमार श्रेष्ठ -सदस्य
६. मा. हेम कुमार राई -सदस्य

**उपसमितिको कार्यक्षेत्र**

- बैंकको निक्षेप र कर्जा लगानीको अवस्था विश्लेषण गरी बैंक र ग्राहकका समस्या र समाधानका सुझाव सिफारिस गर्ने,
- विकास बैंक र वित्त कम्पनीका निक्षेप परिचालन, कर्जा लगानीका क्षेत्र, लगानी लगायतको विश्लेषण गरी समस्या पहिचान र समाधानका लागि सिफारिस प्रस्तुत गर्ने,
- लघुवित्त कम्पनीहरूसँग सम्बन्धित समस्याहरु पहिचान गरी सुधारका लागि सुझाव पेश गर्ने,
- ४ वर्गका बैंक तथा वित्तीय संस्थाहरूको भौगोलिक र विषयगत कार्यक्षेत्रमा दोहोरो नपर्ने गरी गर्नुपर्ने परिवर्तनको सुझाव पेश गर्ने,
- बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा (प्राथमिकता प्राप्तह क्षेत्रमा प्रवाह भएको कर्जा समेत) र त्यसको उपयोग सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव सिफारिस गर्ने,
- बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने औद्योगिक वा व्यवसायिक प्रतिष्ठान हरुले लिएको ऋण तोकिएको प्रयोजनमा उपयोग भएनभएको अध्ययन गरि सुधारको लागि सुझाव सिफारिस गर्ने,

- बैंक तथा वित्तीय संस्थाको संस्थागत सुशासन साथै प्रविधिको विकास र प्रयोग सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव सिफारिस गर्ने,
- अन्तर्राष्ट्रियस्तरका केन्द्रिय बैंकहरुको सन्दर्भ सहित नेपाल राष्ट्र बैंकको नियामकिय भूमिका सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव सिफारिस गर्ने,
- अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।

## ४. समष्टिगत आर्थिक नीति अध्ययन उपसमिति

**उपसमिति गठनः**

१. मा. मेटमणी चौधरी -संयोजक
२. मा. किशोर सिंह राठौर -सदस्य
३. मा. सुरेन्द्र प्रसाद पाण्डे -सदस्य
४. मा. हरि राज अधिकारी -सदस्य
५. मा. ज्ञानेन्द्र बहादुर कार्की -सदस्य

**उपसमितिको कार्यक्षेत्र**

- समष्टिगत आर्थिक नीति, वैदेशिक सहायता नीति, अर्थतन्त्रमा सरकार/सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिका, आर्थिक कुटनीति लगायतका विषयमा अध्ययन गरी आवश्यक सिफारिस गर्ने।
- नेपालका विभिन्न क्षेत्रका कम्तीमा ५ वटा सार्वजनिक संस्थानहरु छनोट गरी ति संस्थानमा सरकारको लगानी, विगत ५ वर्षको नाफा/नोक्सान लगायत वित्तीय कार्यसम्पादन, सम्पत्ति र दायित्वको अवस्था, लगानीमा प्रति फल, सम्पत्तिको उपयोग र त्यसबाट प्रतिफल लगायत वित्तीय व्यवस्थापन, मानव श्रोत व्यवस्थापन, भौतिक स्रोत व्यवस्थापन, बजार व्यवस्थापन, बजार प्रतिस्पर्धा, लगायतका विषयमा SWOT Analysis सहित Case Study गरी प्राप्त निश्कर्षको आधारमा समग्र सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापन सम्बन्धी स्पष्ट कार्ययोजना सहितको सुझाव पेश गर्ने,
- अध्ययनको क्रममा आवश्यक देखिएका विषयक्षेत्रसँग सम्बन्धित अन्य विषयहरु।

.................. ......................

**(सुरेन्द्र अर्याल)** **(कृष्ण प्रसाद दहाल)**

समिति सचिव सभापति